# प्रदेश राजपत्र

**प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) हेटौंडा, मकवानपुर, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ११**


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश नं. ३, हेटौंडा

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. ०८

# <u>आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u> : आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेशको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)"आर्थिक वर्ष" भन्नाले आ.व. २०७५/०७६ सम्झनु पर्छ।

(ख)"प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

३. <u>आर्थिक वर्षको निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>: आर्थिक वर्षको निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीमा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र अन्तरसरकारी हस्तान्तरणको रकम समेत गरी अनुसूची-२ बमोजिम हुने जम्मा रकमरु.३५,६१,५६,००,०००/-

(अक्षरेपि पैंतीस अर्ब एकसठ्ठी करोड छपन्न लाख) नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेशसञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. <u>**विनियोजनः**</u>(१) यस ऐनद्वारा प्रदेश सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम यस आर्थिक वर्षको लागि अनुसूची-२ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्चव्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ७०३३२६११ मा विनियोजन भएको रकम अनुसूची-२ को अनुदान संख्याको क्रम संख्या १ देखि १३ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(७) प्रदेश आर्थिक कार्यविधि नियमावली नबनेसम्म प्रचलित आर्थिक कार्यविधि नियमावलीको प्रयोग हुनेछ।

(८)दफा ३ मा उल्लिखित कूल रकममा नेपाल सरकारबाट प्राप्त हुन आएको सशर्त अनुदानको रकम रु. १० अर्व ६१ करोड ५६ लाख समेत समावेश गरी विनियोजन गरिएको छ।

(९) प्रदेश सरकारले तयार गर्नुपर्ने आर्थिक विषयसँग सम्बन्धित कानून नबनेसम्म प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

(दफा३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २०६ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रु.हजारमा)

| क्र.सं. | प्रदेश, अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७०३२१२०१ | प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | ८५४४ | ० | ० | ८५४४ |
| २ | ७०३३२३०१ | अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | २०० | ० | ० | २०० |

अनुसूची-२
(दफा३ सँग सम्बन्धित)
प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु.हजारमा)

| क्र. सं. | प्रदेश अनुदान संख्या | शीर्षक | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७०३२१२०१ | प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | ८५४४ | ० | ० | ८५४४ |
| २ | ७०३३२३०१ | अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | २०० | ० | ० | २०० |
| ३ | ७०३२१३२०१ | प्रदेश व्यवस्थापिका | ३०९१५७ | ७१५०० | ० | ३८०६५७ |
| ४ | ७०३२३३२०१ | मुख्य न्यायाधिवक्ता कार्यालय | १३५५६ | ११४०० | ० | २४९५६ |
| ५ | ७०३३१३२०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३२३११२ | २५४९१० | ० | ५७८०२२ |
| ६ | ७०३३२३२०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १२३७२१ | १०४४८०० | ० | ११६८५२१ |
| ७ | ७०३३२३२०२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १५७९० | १३०२० | ० | २८८१० |
| ८ | ७०३३३३२०१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३९७१७ | १२४३३०० | ० | १४८३०१७ |
| ९ | ७०३३४३२०१ | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | ८०३७१२ | २७९५०८२ | ० | ३५९८७९४ |
| १० | ७०३३५३२०१ | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | ११९३६७९ | १७७२१२५ | ० | २९६५८०४ |
| ११ | ७०३३६३२०१ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७८४७२९ | १२५३९६३० | ० | १३३२४३५९ |
| १२ | ७०३३७३२०१ | सामाजिक विकास मन्त्रालय | ३२२०९७४ | ९९७५४२ | ० | ४२१८५१६ |
| १३ | ७०३३८३२०१ | नीति तथा योजना आयोग | ३७५०० | १२५०० | ० | ५०००० |
| १४ | ७०३३२६११ | अर्थ बजेट (आर्थिक मामिला तथा योजना मन्त्रालय) | १५००००० | ९९७२०० | ० | २४९७२०० |
| १५ | ७०३३२८५१ | अन्तरसरकारी हस्तान्तरण | ५२८८२०० | ० | ० | ५२८८२०० |

प्रमाणीकरण मिति : २०७५ /०३ /३२

आज्ञाले,
राजकुमार श्रेष्ठ
प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३